प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, असोज १५ गते, २०८३ साल (संख्या १२

भाग ३

गण्डकी प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालयको सूचना

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८३/०५/०९ को बैठकबाट मिलिनियम च्यालेन्ज एकाउन्ट, नेपाल विकास समिति (एमसिए — नेपाल) अन्तर्गतको राष्ट्रिय गौरवको विद्युत प्रसारण आयोजनामा प्रसारण लाइन तथा सव स्टेशन निर्माण गर्ने प्रयोजनार्थ गण्डकी प्रदेशको तनहुँ जिल्लाको आँबुखैरेनी गाँउपालिकाको वडा नं. ४, ५ र ६, बन्दिपुर गाँउपालिकाको वडा नं. २, ३, र ४ ऋसिङ गाँउपालिकाको वडा नं. १, ६, ७ र ८, घिरिङ गाँउपालिकाको वडा नं. १,

२, ३ र ५, व्यास नगरपालिकाको वडा नं. १, १३ र १४ एवम् नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको विनयी त्रिवेणी गाँउपालिकाको वडा नं. ३ र ५ मा आवश्यक जग्गा प्राप्ति गर्दा लाग्ने शुल्क तथा दस्तुर गण्डकी प्रदेश आर्थिक ऐन, २०८३ को दफा १३ को उपदफा (१) बमोजिम पूर्ण रुपमा छुट दिने निर्णय भएकोले सोही ऐनको दफा १३ को उपदफा (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
डा. टोकराज पाण्डे
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.१०।-